नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार



सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोसम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायको २०८२ कार्तिकदेखि पुससम्म तीन महिनामा सम्पादित कामको अद्यावधिक विवरण

नेपाल सरकार
वन तथा वातावरण
सिंहदरबार,

## १ मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय काठमाडौको सिंहदरबारमा रहेको छ । मन्त्रालयमा छ वटा महाशाखा र छब्बिसवटा शाखाहरु रहेका छन् । हाल यस मन्त्रालयमा एकजना मा. मन्त्रीज्यू र एकजना मा. राज्यमन्त्रीज्यू समेत रहनुभएको छ । मन्त्रालयमा राजपत्राङ्कित विशिष्ट श्रेणी, (प्राविधिक) तर्फको एकजना सचिव, महाशाखा प्रमुखको रुपमा सहसचिव र शाखा प्रमुखको रुपमा उपसचिव रहने व्यवस्था छ । यस मन्त्रालय अन्तर्गत चार विभाग, एक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एक रेड (Reducing Emissions from Deforestation and Forest Degradation) कार्यान्वयन केन्द्र समेत गरी छ वटा विभागस्तरीय निकायहरु छन् । यसका अतिरिक्त मन्त्रालय मातहत सार्वजनीक संस्थान- नेपाल वन निगम लिमिटेड र जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड र दुईवटा समिति- राष्ट्रपति चुरे-तराई मधेस विकास संरक्षण समिति र वन पैदावर विकास समिति रहेका छन् । राष्ट्रिय ताल संरक्षण विकास समिति भने आ. ब. २०८०/८१ मा खारेज गरिएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषको पनि सम्पर्क मन्त्रालय वन तथा वातावरण मन्त्रालय रहेको छ । वन पैदावर विकास समिति अन्तर्गत सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षारोपण परियोजना संचालित छन् । यो मन्त्रालय मुलतः वन तथा वातावरण क्षेत्रका प्राविधिक जनशक्ति रहेको मन्त्रालय हो । साथै, प्रशासन, कानून, लेखा समूह र इन्जिनियरिङ्ग सेवाका जनशक्ति पनि मन्त्रालयमा कार्यरत छ ।

## २ मन्त्रालयको काम, कर्तव्य र अधिकार

वन तथा वातावरण मन्त्रालयको मूल उद्देश्य नेपालको **वनको दिगो व्यवस्थापन तथा वातावरण संरक्षण र व्यवस्थापन** गर्ने रहेको छ । वातावरणीय स्वच्छता कायम राख्दै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कृयाकलापमार्फत जनताको जीविकोपार्जनमा सकारात्मक टेवा पुर्‍याउनेपनि मन्त्रालयको जिम्मेवारी भित्र पर्दछ। प्रस्तुत परिप्रेक्ष्यमा वार्षिक तथा आवधिक योजना, दिगो विकास लक्ष्य (२०३० का १७ वटा लक्ष्यमध्ये मूलत: १३ औं लक्ष्य (Climate Action) सँग सम्बन्धित लक्ष्यहरु हासिल गर्ने मार्गदर्शन र नीति अन्तर्गत मन्त्रालयले काम गर्ने गरेको छ । हरित विकासको अवधारणा अनुरुप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकुलित हुने अवस्था सृजना गरी मुलुकको समिष्टगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने जिम्मेवारी पनि मन्त्रालयको रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु निम्नानुसार रहेका छन् -

१ वन सम्बन्धी नीति, कानून र मापदण्ड नियमन ;
२ राष्ट्रिय वनको सर्भेक्षण, वर्गीकरण, नापनक्स र सीमाङ्कन ;
३ निजी वन, सार्वजनिक वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वन सम्बन्धी नीति, कानून, मापदण्ड ;
४ वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड;
५ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सिमसार क्षेत्रसम्बन्धी नीति, कानून, मापदण्ड योजना तथा कार्यान्वयन ;
६ हात्तीसार ;

उप-सचिव

७ प्राणीउद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड;

८ मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड;

९ जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन;

१० वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

११ वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन;

१२ वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति, कानून र मापदणड

१३ हर्बोरियम व्यवस्थापन;

१४ वनस्पतिहरुको रसायनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर;

१५ आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजानति र आयातित प्रजाति;

१६ वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्बन्धी नीती , कानून र मापदण्ड;

१७ कार्बन सेवा र कार्बन सञ्चिति;

१८ अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

१९ अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय;

२० वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान;

२१ प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२२ वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा;

२३ हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड;

२४ विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनी लगायतका प्रदुषण नियन्त्रण;

२५ हरितगृह ग्यासको मापदण्ड र नियमन;

२६ राष्ट्रिय स्तरमा वातावरणीय सूचना प्रणाली;

२७ वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२८ राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष;

२९ सशस्त्र वन रक्षक;

३० मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;

३१ मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

३२ नेपाल वन सेवाको सञ्चालन ।

उप-सचिव

## ३ मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

मन्त्रालयमा जम्मा १२९ जना निजामती कर्मचारीको दरबन्दी रहेको छ ।यी मध्ये अधिकांश प्राविधिक कर्मचारीको दरबन्दी रहेको छ भने प्रशासनिक र कानून सेवाका कर्मचारीहरु पनि रहेका छन् ।मन्त्रालयमा कार्यरत १० जना हलुका सवारी चालक र १६ जना कार्यालय सहयोगी माली र स्वीपरमध्ये अधिकांश करारमा कार्यरत छन् । मन्त्रालयका काम कारवाही संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७५ मा दिइएका कार्य विवरण अनुसार मन्त्रालय अन्तर्गतका विभाग, केन्द्र, विकास समिति तथा वन विकास कोषमा कर्मचारी कार्यरत रहेका छन् ।

## ४ मन्त्रालयबाट प्रदान गरिने सेवा

नयाँ राज्य संरचना अनुसारको संगठन संरचना स्वीकृत भए पश्चात विगतमा वन तथा भू-संरक्षण मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिदै आएका सेवाहरुमा समेत परिवर्तन भएको छ । मन्त्रालयले नेपाल सरकारबाट स्वीकृत कार्य विभाजन नियमावली बमोजिमका विषय क्षेत्रहरुमा सेवा प्रवाह गर्ने सेवा निम्नानुसार रहेका छन् -

- वन सम्पदाको वैज्ञानिक, समावेशी र सहभागितामूलक व्यवस्थापनद्वारा पारिस्थितिय सेवाको प्रवर्द्धन गर्ने।
- नेपालमा रहेका सबै प्रकारका वनहरुलाई दिगो वन व्यवस्थापन पद्धति अनुरुप व्यवस्थापन गर्नाका लागि आवश्यक नीति, नियम तथा मापदण्ड तय गर्ने।
- वन अतिक्रमण, अवैध कटानी तथा चोरी शिकार नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- वन श्रोतमा आश्रित समुदायहरुको जीविकोपार्जनमा सुधारको लागि जडिबुटी, पर्यापर्यटन र वन सम्पदामा आधारित वातावरण मैत्री उद्योग व्यवसायको विकास गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने।
- वन स्रोतबाट प्राप्त हुने लाभहरुको समन्यायिक वितरणका लागि आवश्यक व्यवस्था गर्ने।
- जलवायु परिर्वतनका कारणले पर्नसक्ने सम्भावित असरहरुको आंकलन गरी उपयुक्त अनुकूलन एवं जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- चुरे क्षेत्रको पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्ने ।
- जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- वन तथा वातावरण क्षेत्रका नीति, कार्यक्रम, बजेट र सेवालाई लैङ्गिक तथा सामाजिक रुपमा समावेशी र न्यायोचित बनाउने ।
- वन तथा वातावरण क्षेत्रमा वैदेशिक सहायतालाई राष्ट्रिय हित अनुकूल संचालन गर्ने ।
- वन क्षेत्रको प्रभावकारी संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्नको लागि प्रचलित ऐन कानूनमा आवश्यक परिमार्जन गरी संस्थागत सुदृढीकरण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने ।

उप-सचिव

- रेड (REDD-reducing emissions from deforestation and forest degradation) को अवधारणा अनुसार विश्व व्यापारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जूमा गर्ने ।
- वातावरणीय स्वच्छता कायम गर्नका लागि नीति, मापदण्ड तथा कानूनहरुको निर्माण गर्ने ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने ।
- वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित विभिन्न स्रोतबाट प्राप्त उजुरीको सुनुवाई र छानवीन तथा अवस्था अनुसार फस्र्योट।

## ५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित कानून र आर्थिक ऐन नियमानुसार हुने गरेको।

## ६ निर्णय गर्ने प्रक्रिया र अधिकारी

वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कारवाही गर्दा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५मा व्यवस्था भए अनुसार र प्रचलित कानून अनुसार विभिन्न तहबाट निर्णय हुने गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

## ७ निर्णय उपर उजुरी सुन्ने अधिकारी

मन्त्रालयबाट प्रवाह भएको सेवा सुविधाको विषयमा कुनै गुनासो भए वा चित्त नबुझेको खण्डमा मन्त्रालयका मा. मन्त्रीज्यू, सचिवज्यू र सम्बन्धित अन्य पदाधिकारी समक्ष उजुरी गर्न सकिने व्यवस्था रहेको छ । साथै, मन्त्रालयको सम्बन्धित महाशाखा वा शाखासंग सम्बन्धित कामको विषयमा प्रत्यक्ष रुपमा भेटी,, टेलिफोन, निवेदन वा इमेल र अन्य माध्यममार्फत समेत उजुरी/गुनासो गर्ने र सोको सुनुवाई गर्ने व्यवस्था गरिएको छ । सेवा प्रवाह संग सम्बन्धित गुनासोहरु उपर आवश्यक सहजिकरण गर्न यस मन्त्रालयको शासकीय सुधार शाखा प्रमुखलाई गुनासो सन्ने अधिकारीका रुपमा जिम्मेवारी तोकिएको छ । गुनासो संग सम्बन्धि सम्पर्कका लागि हटलाईन नं. +९७७-९७६१४२३६१६/इमेल **gunaso.mofe@gmail.com** रहेको छ।

## ८ कार्यक्रमको विवरण

मन्त्रालयको नियमित सेवा प्रवाहका कामका अतिरिक्त स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट अनुसारका निम्न शीर्षक/उप-शीर्षक अन्तर्गत स्वीकृत कार्यक्रमहरु सम्पादन भएका छन् ।

१ वन तथा वातावरण मन्त्रालय
२ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम
३ रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम
४ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
५ सम्वृद्धिका लागि वन
६ जलवायु उत्थानशिल चूरे कार्यक्रम
७ वन तथा भू-संरक्षण विभाग

८ डिभिजन वन कार्यालयहरू ( वन सुरक्षा सैनिक समेत )
९ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
१० जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम
११ जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना
१२ जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम
१३ वनस्पति विभाग
१४ जडिबुटी विकास कार्यक्रम
१५ वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम
१६ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
१७ राष्टिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना)
१८ हात्तीसारहरू
१९ राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना
२० वन अनुसन्धान तथा सर्वेक्षण विभाग
२१ वन अनुसन्धान तथा सर्वेक्षण आयोजना
२२ वातावरण विभाग
२३ केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र

- प्रदेश सरकारलाई सशर्त अनुदान
- स्थानीय तहलाई सशर्त अनुदान

मन्त्रालय अन्तर्गतका महाशाखा र शाखाले २०८२ को कार्तिकदेखि पुससम्म सम्पन्न गरेका कार्यहरुको विवरण तल प्रस्तुत गरिएको छ -

## १. प्रशासन महाशाखा

### क. कानून तथा फैसला कार्यान्वयन शाखा

- सम्मानित सर्वोच्च अदालतमा तथा सम्मानित अदालतहरुमा विभिन्न विषयमा १० वटा लिखित जवाफ तयार गरी पठाइएको र २९ वटा विभिन्न निकाय एंवम् कार्यालयहरुलाई पत्राचार गरिएको ।
- २८ वटा राय/परामर्श पेश गरिएको ।

### ख. आर्थिक प्रशासन शाखा

- **खर्च तर्फः** चालु खर्च रु. ६२,६८०,७४६।३४ (३२.८५%) भएको ।
  : पुंजीगत खर्च रु १६,०७,८४८ (२४.३६%)
- **बेरुजु तर्फ :**

| बेरुजु वर्गिकरण | जम्मा बेरुजु | फस्यौंट | बाँकी (रु हजारमा) |
|---|---|---|---|
| पेश्की बेरुजु | १५९१६६ | ० | १५९१६६ |
| नियमित गर्ने बेरुजु | १३४०९२३ | ९४२७० | १२४६६५३ |
| असुल गर्नु पर्ने बेरुजु | २२६०७३ | १५ | २२६०५८ |
| जम्मा | १७२६१६२ | ९४२८५ | १६३१८७७ |

उप-सचिव

ग. शासकीय सुधार शाखाः उजुरी/गुनासो र सूचना सम्बन्धी विवरण

| क्र. सं. | उजुरी पठाउने निकाय | २०८२/८३ | कार्तिक | मंसिर | पौष | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त उजुरी/गुनासो | प्राप्त गुनासो सङ्ख्या | ५७ | ० | ० | ५७ | |
| | | फछ्यौंट भएका गुनासो | २१ | ० | ० | २१ | |
| | | प्रक्रियामा रहेका गुनासो | ३६ | ० | ० | ३६ | |
| २. | हेलो सरकार कक्षबाट प्राप्त गुनसो/उजुरी | प्राप्त उजुरी सङ्ख्या | १५ | ३४ | २४ | ७३ | |
| | | फछ्यौंट भएका उजुरी | १५ | १५ | १८ | ४८ | |
| | | प्रक्रियामा रहेका उजुरी | ० | १९ | ६ | २५ | |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ५ | ४ | ५ | १४ | |
| | | फछ्यौंट भएका उजुरी | ० | ४ | २ | ६ | |
| | | प्रक्रियामा रहेका उजुरी | ५ | ० | ३ | ८ | |
| ४. | यस मन्त्रालयमा दर्ता भएका उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ० | ८ | ६ | १४ | |
| | | फछ्यौंट भएका उजुरी | ० | ४ | ६ | १० | |
| | | प्रक्रियामा रहेका उजुरी | ० | ४ | ० | ४ | |
| ५. | राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ० | २ | १ | ३ | |
| | | फछ्यौंट भएका उजुरी | ० | ० | ० | ० | |
| | | प्रक्रियामा रहेका उजुरी | ० | २ | १ | ३ | |
| ६. | सूचनाको हक अन्तर्गत विभिन्न माध्यमबाट माग भई प्रदान गरिएका सूचनाहरुको संख्या | टेलिफोन | १७ | १३ | ९ | ३९ | |
| | | ईमेल | ० | ० | ० | ० | |
| | | पत्र | ० | १ | २ | ३ | |
| | | प्रत्यक्ष | २ | ३ | २ | ७ | |
| | | | | | कुल जम्मा | ३७१ | |



उप-सचिव

२. योजना अनुगमन तथा समन्वय महाशाखा

क. कार्यक्रम तथा योजना शाखा

| क्र. सं. | क्रियाकलाप | सम्बन्धित निकाय |
|---|---|---|
| १ | पूर्व पश्चिम लोकमार्ग हरित उत्थानशिल आयोजना (ACCESS) को आ. व. २०८०/८१ र आ. व. ८१/८२ को हिसाब फरफारक गर्नको लागि नेपाल सरकार स्रोतबाट विश्व बैंक सोधभर्ना हुने ऋणमा स्रोतान्तर हुनुपर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | वन तथा भू-संरक्षण विभाग |
| २ | बृहत् जलाधार व्यवस्थापन केन्द्र, कोशी, उदयपुरको च.नं. ७७ मिति २०८२/०९/२५ को पत्रानुसार आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट रकम रु २ करोड ४० लाख फुकुवा गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | वन तथा भू-संरक्षण विभाग |
| ३ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति अन्तर्गतका कार्यन्वयन इकाईहरुको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट फुकुवा गर्ने सम्बन्धमा पटक पटक गरी श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति |
| ४ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति अन्तर्गतका नेपाली सेना, वन तथा पर्यावरण सुरक्षा निर्देशनालयका श्री नं १ र २ पर्यावरण सुरक्षा गणहरुको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट रकम फुकुवा गरी कार्यक्रम संशोधन गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति |
| ५ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति अन्तर्गतका कार्यन्वयन इकाईहरुको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट रकम रु ५२१.९ लाख फुकुवा गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त गरी सम्बन्धित निकायलाई पत्राचार | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति |
| ६ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत को आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पर्यटक पद मार्ग निर्माण र पर्यटक पद मार्ग मर्मत तथा स्तरोन्नतिको लागि अपुग बजेट रकम व्यवस्थापन गरी रकमान्तर गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त गरी थप १० लाख बजेटको व्यवस्थापन | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| ७ | आ. व. २०८२/८३ को मन्त्रालय र मातहतका विभिन्न निकायहरुको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गराएको (संघिय शसर्त, वन तथा भू-संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वातावरण विभाग, इलम आयोजना, क्रिल आयोजना, BRCRN आयोजना, REDD, PCTMCDB, लगायतका) | मन्त्रालय र मातहतका विभिन्न निकायहरु |
| ८ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गतका कर्मचारीहरुको तलब भत्ता लगायतका अपुग रकमको लागि रकमान्तर र थप बजेट व्यवस्थापनका लागि श्री अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त गरी सम्बन्धित निकायलाई पत्राचार | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |

उप-सचिव

ख. अनुगमन तथा मूल्यांकन शाखा

| सि.नं. | कृयाकलापहरू | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| १. | आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य बमोजिमको प्रत्येक महिनाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा अनलाइन प्रविष्टि गर्नको लागि मातहतका निकाय र प्रदेश वन तथा वातावरण मन्त्रालयसँग विवरण माग गरी एकीकृत तथ्याङ्क तयार गरिएको। | प्रत्येक महिनाको ५ गतेभित्रमा। | एकीकृत तथ्याङ्क उपलब्ध भएको। | |
| २. | आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य बमोजिमको प्रत्येक महिनाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा अनलाइनमार्फत प्रविष्टि, टिप्पणी र रेटिङ गरिएको | प्रत्येक महिनाको ७ गतेभित्रमा। | प्रगतिको वस्तुगत मूल्याङ्कन गरी भावी कार्ययोजना निर्माण गर्न सजिलो भएको। | |
| ३. | शाखामा प्राप्त भएका सबै पत्रवाट माग भए अनुसारको प्रगति विवरण/विवरण (अन्य निकायसँग समन्वय गरी विवरण प्राप्त गर्नुपर्ने भएमा ती निकायबाट विवरण प्राप्ति पश्चात एकीकृत गरी) सम्वन्धित निकायमा पठाइएको। | पत्र प्राप्त भएकै मितिमा। यदि प्राप्त भएकै मितिमा कार्य सम्पन्न गर्न नसकेमा सो दिनको भोलिपल्ट एवम् समयसीमा तोकएकाको हकमा तोकिएको समयसीमाभित्र। | विवरण छिटो उपलब्ध भई कार्य प्रभावकारितामा वृद्धि भएको। | |
| ४. | आ.व ०८२/०८३ को प्रथम त्रैमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान उप समिति (Pre-MDAC) को बैठक सम्पन्न गरिएको। | २०८२/०७/२८ गते । | कार्यक्रम र पूँजीगत खर्चको समीक्षाबाट पृष्ठपोषण प्राप्त भई थप कार्य प्रभावकारिता र मार्गनिर्देशनका | |

उप-सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | लागि सहयोग पुगेको। | |
| ५. | आ.व ०८२/०८३ को प्रथक त्रैमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) सम्पन्न गरिएको। | २०८२/०८/०३ गते। | राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा उठान गर्नुपर्ने विषयको खाका तयार भएको। | |
| ६. | शाखासँग सम्बन्धित दैनिक प्रशासनिक कार्य सम्पादन गरिएको। | निरन्तर। | समयमा नै र सजिलै कार्यसम्पादन भई प्रभावकारितामा वृद्धि भएको। | |
| ७. | Pre MDAC र MDAC बैठकको निर्णय कार्यान्वयनका लागि मातहतका निकाय र प्रदेश वन तथा वातावरण मन्त्रालयहरूसँग समन्वय गरिएको। | निरन्तर। | बैठकका निर्णय कार्यान्वयनमा सहयोग पुगी नतिजा प्राप्तिमा सहज भएको। | |
| ८. | केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति/सचिव बैठक/संसदीय समितिको बैठक लगायतका बैठकको मन्त्रालयमा प्राप्त निर्णय तथा मन्त्रालयकै विभिन्न बैठकबाट भएका निर्णयको कार्यान्वयन प्रगति तयार गरी सम्बन्धित निकायमा उपलब्ध गराएइको। | निरन्तर। | कार्य प्रभावकारीता वृद्धिमा सहयोग पुगेको। | |
| ९. | आर्थिक वर्ष २०८१/०८२ को मन्त्रालयको वार्षिक प्रगतिको प्रतिवेदन यस मन्त्रालयको website मा प्रकाशन गरिएको। | २०८२/पौष महिनामा | संस्थागत स्मृति कायम भएको। | |

उप-सचिव

## ३. वातावरण तथा जैविक विविधता महाशाखा

### क. वातावरण मापदण्ड तथा अनुगमन शाखा

- सन् २०२६ को लागि तोकिएको हाईड्रोक्लोरोफ्लोरोकार्वन (HCFC-22) ग्याँसको आयात कोटा बाँडफाँडसँग सम्बन्धित कार्य,
- ओजोन तह ह्रास गर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलको किगाली संशोधनको नेपाल राजपत्रमा प्रकाशनसँग सम्बन्धित कार्य,
- पारो सम्बन्धि मिनामाता महासन्धि अनुमोदनसँग सम्बन्धित कार्य,
- प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ बमोजिमका क्रियाकलापहरु,
- काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ बमोजिमका क्रियाकलापहरु,
- प्रयोगमा रहेका सवारीका साधनबाट हुने प्रदूषण सम्बन्धी मापदण्ड (In-use Vehicle Emission Standard) को मस्यौदा तयारी सम्बन्धी कार्य,

ख. वातावरणीय प्रभाव अध्ययन शाखा

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत मिति |
|---|---|---|---|
| क्षेत्र निर्धारण प्रतिवेदन स्वीकृत भएका आयोजनाहरू (१२) | | | |
| १ | मारुती पेपर एण्ड केमिकल उद्योग प्रा.ली बीरगंज | बीरगंज | २०८२/०७/०२ |
| २ | मारुती प्रिन्ट एण्ड प्याक उद्योग प्रा.ली. बिरगंज | बीरगंज | २०८२/०७/०२ |
| ३ | होटल कर्मा | काठमाडौं | २०८२/०७/०२ |
| ४ | होटल किङ्सवेरी (३५० शय्या) | बिराटनगर | २०८२/०७/०२ |
| ५ | मादी सिती ज वि आ १२८ मेवा | कास्की र लमजुङ | २०८२/०८/०२ |
| ६ | धुलिखेल माउन्टेन रिसोर्ट स्तरोन्नती() | काभ्रेपलान्चोक | २०८२/०८/०२ |
| ७ | बागमति नदी देखि सुन्दरीजल सम्म पानी प्रशोन केन्द्र (५८० मि.) | बागमती | २०८२/०८/१४ |
| ८ | पश्चिम सेती जलविद्युत आयोजना (८०० मे.वा.) | डोटी, बझाङ | २०८२/०८/१९ |
| ९ | गणपति डोर्स एण्ड प्लाईउड ईण्डष्ट्रिज | बाँके | २०८२/०९/१४ |
| १० | पाल्पा सिमेन्ट ईण्डष्ट्रिजको चुनढुङ्गा खानीको | पाल्पा | २०८२/०९/१३ |



उप-सचिव

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत मिति |
|---|---|---|---|
| ११ | पत्थरकोट ठाडा सन्धिखर्क ५८ किमी | अर्घाखाची | २०८२/०९/१७ |
| १२ | बरैया-सिमलपानी-लेउसी-रोरा दमार सडक खण्ड | अर्घाखाची | २०८२/०९/१७ |
| | | | |
| **EIA स्वीकृत भएका आयोजनाहरू (३)** | | | |
| १ | मर्स्याङ्दी अर्धजलाशययुक्त जलविद्युत आयोजना (९० मे.वा) | लम्जुङ | २०८२/०९/१४ |
| २ | डाँडागाउँ खलंगा भेरी अर्धजलाशय जलविद्युत आयोजना (९७.४३ मे.वा.) | जाजरकोट र रुकुम पश्चिम | २०८२/०९/२४ |
| ३ | भेरी-१ अर्धजलाशययुक्त जलविद्युत आयोजना २७० मे.वा. | जाजरकोट र रुकुम पश्चिम | २०८२/०९/२५ |
| **पूरक EIA स्वीकृत भएका आयोजनाहरू (२)** | | | |
| १ | होटल सेफ्रन सिं.के. (१३८ शय्या) | रुपन्देही | २०८२/०८/०७ |
| २ | सिम्बुवाखोला जलविद्युत आयोजना ७०.३ मे.वा | ताप्लेजुङ्ग | २०८२/०९/२४ |
| | | | |
| **परिमार्जित वातावरणीय व्यवस्थापन योजना स्वीकृत (१)** | | | |
| १ | माथिल्लो बलेफी जलविद्युत आयोजना (४६मे.वा) | सिन्धुपाल्चोक | २०८२/०९/२४ |
| | | | |
| **वातावरणीय व्यवस्थापन योजना परिमार्जनका लागि सहमति (५)** | | | |
| १ | रोल्वालिङ्गखोला जलविद्युत आयोजना २२ मे.वा. | दोलखा | २०८२/०८/१४ |
| २ | सुनकोशी मरिन बहुउद्देशीय आयोजना | सिन्धुली | २०८२/०८/१४ |
| ३ | कालिका कालीगण्डकी जलविद्युत आयोजना (३८.१६मे.वा.) | तनहुँ र नवलपुर | २०८२/०८/१४ |
| ४ | सुपर तमोर ज वि आ (१६६ मे.वा.) | ताप्लेजुङ | २०८२/०९/२० |
| ५ | खानीखोला-१ जलविद्युत आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाईन | दोलखा | २०८२/०९/२४ |
| | | | |
| **पूरक अध्ययन सहमति (५)** | | | |

उप-सचिव

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत मिति |
|---|---|---|---|
| १ | सिक्टा सिंचाइ आयोजनाको पूर्वी नहर खण्ड (चे.४४.८ देखि ५४.६८) | बाँके | २०८२/०८/०५ |
| २ | मर्स्याङ्गदी करीडोर मनाङ् उदीपुर २२० के.भी. प्रसारण लाईन | लम्जुङ्ग | २०८२/०८/१४ |
| ३ | स्याफ्रुबेशी रसुवागढी सडक खण्ड १५.७ कि.मि | रसुवा | २०८२/०८/१४ |
| ४ | संखुवा खोला जलविद्युत आयोजना (४१.०६.वा) | संखुवासभा | २०८२/०९/२० |
| ५ | मध्य चमेलिया जलविद्युत आयोजना २८.३०४ मे.वा. | दार्चुला | २०८२/०९/२१ |

## ४. जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

महाशाखा अन्तर्गत गत गत तीन महिनाको अवधिमा भएका कार्यहरु देहाय बमोजिम छन्-

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| १ | ब्राजिलको बेलेम सहरमा आयोजना भएको संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन महासन्धी अन्तर्गतको पक्ष राष्ट्रहरूको ३०औं सम्मेलन (COP 30) मा मार्गचित्रसहित नेपालको तर्फबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री डा. मदन प्रसाद परियारज्यूको नेतृत्वमा वन तथा वातावरण मन्त्रालय तथा अन्य बिषयगत मन्त्रालय अन्तर्गतका पदाधिकारी एंव साझेदार | सन् २०२५ नोभेम्बर १० देखि २१ (वि.सं. २०८२ कार्तिक २४ देखि मंसीर ५) सम्म | वन तथा मन्त्रालय तथा अन्य बिषयगत मन्त्रालयका कर्मचारी तथा विकास साझेदार एवं सरोकारवाला निकायका विज्ञ तथा सहयोगी प्रतिनिधिहरु। | नेपालको प्रभावकारी प्रतिनिधित्व भएको। | जलवायु परिवर्तन |



उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | निकायका विज्ञ तथा अन्य सहभागीहरुको सहभागिता रहेको । | | | | |
| २ | पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन (Ecosystem-based Adaptation – EBA II) आयोजना अन्तर्गत संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (UNEP) मा दर्ता रहेका सवारी साधनहरू ( २ जीप, ११ मोटरसाइकल) नेपाल सरकारको नाममा नामसारी तथा हस्तान्तरण गर्न भन्सार कार्यालय र परराष्ट्र मन्त्रालयवाट अनुमति प्राप्त गरी हाल अर्थ मन्त्रालयमा पत्राचार गरिएको। | | | | जलवायु परिवर्तन |
| ३ | जलवायुजन्य हानी-नोक्सानी कोष (FRLD) मा पहुँच अभिवृद्धि गर्न आवश्यक संस्थागत तथा वित्तीय संयन्त्र सम्बन्धी राय-सुझाव पेश गर्न गठित कार्यदलसँग नियमित समन्वय र बैठकहरू सञ्चालन गरी | | | | जलवायु परिवर्तन |

उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | प्रतिवेदन तयारीमा सहयोग गरिएको। | | | | |
| ४ | LDC Initiative for Effective Adaptation and Resilience (LIFE–AR) मञ्चमा नेपालको सहभागिता सुनिश्चित गर्न तथा प्रस्तावित सहयोग प्राप्त गर्नका लागि, UNFCCC अन्तर्गतका कोषहरू (GCF र AF) मा प्रमाणीकरण भई, वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेको NTNC लाई नेपाल सरकारको तर्फबाट त्रिपक्षीय सम्झौता (MOU) प्रक्रिया अघि बढाउन UNFCCC/LDC Chair मा पत्राचार गरिएको। | | | | जलवायु परिवर्तन |
| ५ | संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन संरचना महासन्धि (UNFCCC) अन्तर्गतको वार्ता प्रक्रियामा सहभागी नेपाली वार्ताकार (Negotiators) हरू (अन्तरमन्त्रालयस्तरीय) को क्षमता अभिवृद्धि सम्वन्धी तालिम सञ्चालन गर्ने | | | | जलवायु परिवर्तन |

उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | आवश्यक सहकार्य तथा समन्वय गरिरहेको। | | | | |
| ६ | Kathmandu University बाट Technical and economic feasibility study for Integrated Cement and Green Hydrogen based Urea Production in Nepal विषयक TA प्रस्ताव UNFCCC CTCN मा endorsement गरिएको। | | | | जलवायु परिवर्तन |
| ७ | मानव अधिकार, राष्ट्रिय कार्ययोजना तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८—२०३०) अन्तर्गत महाशाखासँग सम्बन्धित क्रियाकलापहरूको प्रगति विवरण साथै सूचनाको हक अन्तर्गत आएका अनुरोधहरूका जवाफहरू र राष्ट्रिय सभाका माननीय सदस्यहरूले सोधेका मौखिक प्रश्नहरूसँग सम्बन्धित जानकारीहरू समयमै संप्रेषण गरिएको। | | | | जलवायु परिवर्तन |
| ८ | विभिन्न सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूसँग जलवायु परिवर्तन सम्बन्धी | | | | जलवायु परिवर्तन |



उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | कार्यक्रमहरूमा सहजीकरण, समन्वय र सहकार्यको कार्य निरन्तर रूपमा जारी रहेको। | | | | |
| ९ | कर्णाली प्रदेशका ३ जिल्ला र सुदूरपश्चिमका २ जिल्लामा कार्यान्वयन गर्ने गरी तयार गरिएको विस्तृत परियोजना दस्तावेज (Detail Project Report-10 मिलियन युएसडलर)- Improving food system resilience of vulnerable communities in Nepal through community-based adaptation अर्थ मन्त्रालयको सहमतिमा Adaptation Fund Board सचिवालयमा पेश गरिएको । | | | | अनुकुलन |
| १० | जलवायु अनुकुलनशील जिवनयापन सुविधा कार्यक्रम (Local Climate Adaptive Living (LoCAL) Facility) कार्यक्रमका सम्बन्धमा अर्थ मन्त्रालय र UNCDF विच भएको सम्झौता अनुसार स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि लुम्विनी प्रदेशका ५ वटा स्थानीय तहहरु र वन तथा | | | | अनुकूलन |

उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | वातावरण मन्त्रालय विच सम्झौता सम्पन्न भएको । | | | | |
| ११ | UNDP Implementing agency हुने गरी तयार गरिएको " Building the Resilience of Persons with Disabilities to Cope with Climate Change in Asia" क्षेत्रीय आयोजनाको अवधारणापत्रलाई अनुकूलन कोषमा पेश गर्ने Endorsement पत्र उपलब्ध गराइएको । | | | | अनुकूलन |
| १२ | कोप ३० (COP-30) को पूर्व सन्ध्यामा सरकारी अधिकृतहरूको क्षमता अभिवृद्धिका लागि दुई दिने Climate Negotiations Training वन तथा वातावरण मन्त्रालयको समन्वय र IWMI को आर्थिक सहयोगमा आयोजनाको भएको छ । | तालिम २०८२ साल कात्तिक १२ र १३ गते पार्क भिलेज, बुढानिलकण्ठमा | नेपाल सरकारका सहसचिव,प्रदेश वन सचिव वन तथा वातावरण मन्त्रालय ,नेपाल सरकारका उप-सचिव,तथा अधिकृत तथा विकास साझेदार संस्थाका प्रतिनिधिहरु | Climate Negotiations सम्बन्धी क्षमता अभिवृद्धि | अनुकूलन |
| १३ | जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलन राष्ट्रिय कार्यान्वयन योजना तेस्रो | | | | जलवायु प्रविधि |



उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | (NDCIP 3.0) तर्जुमा गर्ने क्रममा सबै सरोकारवालाहरुसँग सहजीकरण समन्वय गरी मस्यौदा तयार पारिएको। | | | | |
| १४ | जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलन राष्ट्रिय कार्यान्वयन योजना तेस्रो (NDCIP 3.0) को प्रादेशिक मस्यौदा तथा सुझाव संकलन ३ वटा कार्यशाला सम्पन्न एवम् बाँकी ४ वटा प्रदेशको कार्यशाला संचालनको क्रममा रहेको। | मिति २०८२/०९/ ०४ मा बागमती प्रदेश, २०८२/०९/०७ मा मधेश प्रदेश तथा २०८२/०९/ ०९ मा कोशी प्रदेश | वन तथा वातावरण मन्त्रालय, प्रदेश स्थित वन तथा वातावरण मन्त्रालय तथा विभिन्न साझेदार निकायका प्रतिनिधिहरु समेत । | मस्यौदा तयारीको क्रममा । | जलवायु प्रविधि |
| १५ | नेपाल उत्थानशीलता, अनुकूलन र समावेशी कार्यक्रम (Resilience, Adaptation, and Inclusion in Nepal) परियोजना कार्यक्रमको निर्देशन समितिको २ वटा बैठक सम्पन्न। | २०८२/०९/२० | श्रीमान गृह सचिव तथा श्रीमान वन तथा वातावरण सचिवको उपस्थितिमा निर्देशन समितिका पदाधिकारीहरु । | | जलवायु प्रविधि |
| १६ | Resilience, Adaptation, and Inclusion in Nepal (RAIN) आयोजना अन्तरगत मधेश प्रदेशमा संचालित | २०८२/०९/०४ देखि ०५ सम्म | ज.प.व्य.महाशाख ाका उप सचिव नरेश शर्मा तथा विकास साझेदार | | जलवायु प्रविधि |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | क्रियाकलापहरुको अनुगमन भ्रमण गरिएको। | | निकायका प्रतिनिधीहरु । | | |
| १७ | वन तथा वातावारण मन्त्रालयलाई हानी तथा नोक्सानी कोष (Fund for Responding Loss and Damage) कोषको NDA तोक्न अर्थ मन्त्रालयमा अनुरोध गरिएको। | | | | जलवायु प्रविधि |
| १८ | हानी तथा नोक्सानी कोष (Fund for Responding Loss and Damage) को प्रस्ताव तयारीको प्रक्रिया अगाडि बढाइएको। | निरन्तर | | | जलवायु प्रविधि |
| १९ | जलवायु प्रविधि सम्बन्धि कार्य सञ्चालन गर्न सहकार्यका लागि दातृ निकायसँग अन्तरक्रिया। | निरन्तर | | | जलवायु प्रविधि |
| २० | NDC 3.0 को प्रचार प्रसार एवम् NDC 3.0 अनुसार कार्य अघि बढाउन सबै सरकारी निकायहरुमा सहजीकरण। | निरन्तर | | | जलवायु प्रविधि |
| २१ | UNFCCC र अन्तर्गत द्विपक्षिय/बहुपक्षिय बैठकहरुमा भाग लिई नेपालको CC को मुद्दालाई | आवश्यक्ता अनुसार | | | जलवायु प्रविधि |

उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
| --- | --- | --- | --- | --- | --- |
| | अन्तराष्ट्रिय तहमा बहस पैरवी सम्बन्धि कार्य जारी। | | | | |
| २२ | NDC Partnership सम्बन्धि आयोजना अवधारणापत्र तयार गरि अर्थ मन्त्रालयमा पेश गरेको । | २०८२/०३/२० | | | जलवायु प्रविधि |
| २३ | NDC Partnership (साझेदारी) कार्यक्रम अन्तर्गत अर्थ मन्त्रालयबाट सहमति प्राप्त गरी NDC Partnership को कार्यालयमा US $ 3.5.Million को कार्यक्रम र बजेट प्राप्त गर्ने प्रक्रियाका लागि UNFCCC NDC Partnership को Website मा सुचना प्रकाशित गरिएको । | ३ अगष्ट, २०२५ | | | जलवायु प्रविधि |
| २४ | कार्बन व्यापार नियमावली २०८२ स्वीकृत । | २०८२/०८/२२ मा राजपत्रमा प्रकाशित | | | स्वच्छ संयन्त्र |
| २५ | कार्बन व्यापार व्यवस्थापन समिति तथा निर्देशक समितिको बैठक सम्पन्न । | २०८२/०९/२० गते का.व्या.व्य.स. को बैठक र<br>२०८२/०९/२१ गते का.व्या.नि.स. को बैठक | जम्मा १५ जनाको सहभागिता<br>जम्मा १६ जनाको सहभागिता | | स्वच्छ संयन्त्र |

उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| २६ | कार्बन व्यापार निर्देशक समिति तथा कार्बन व्यापार समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न । | २०८२/०९/२९ र ३० गते गरी २ दिने | समितिका पदाधिकारीहरु | कार्बन व्यापार र कार्बन व्यापार नियमावली बारे जानकारी | स्वच्छ संयन्त्र |
| २७ | बागमती प्रदेश तथा मधेश प्रदेशका सरोकारवाला निकायहरूलाई कार्बन व्यापार तथा राष्ट्रिय कार्बन रजिष्ट्री सम्बन्धी परामर्श गोष्ठी सम्पन्न। | २०८२/०९/२८ (बागमती प्रदेश)<br>२०८२/०९/३० (मधेश प्रदेश) | प्रदेश स्थित सरकारी तथा गैर-सरकारी निकायहरु | कार्बन व्यापार नियमावली का नियमहरु बारे जानकारी तथा रजिष्ट्रीका बारे पृष्ठपोषण प्राप्त भएको | स्वच्छ संयन्त्र |
| २८ | राष्ट्रिय कार्बन रजिष्ट्री प्रणाली विकासको प्रकृयामा रहेको। | | | | स्वच्छ संयन्त्र |
| २९ | National Scoping Study र Carbon Finance Handbook UNDP को सहयोगमा तर्जुमाको प्रकृयामा रहेको। | | | | स्वच्छ संयन्त्र |
| ३० | नीजि क्षेत्रहरुलाई लक्षित गरी कार्बन व्यापार नियमावली सम्बन्धी | २०८२/०९/२६ गते १ दिने | नीजि क्षेत्रबाट ६४ जनाको सहभागिता रहेको | | स्वच्छ संयन्त्र |



उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम सम्पन्न । | | | | |
| ३१ | संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन रूपरेखा महासन्धि (UNFCCC) को सचिवालयसमक्ष नेपालको पहिलो द्विवार्षिक अद्यावधिक प्रतिवेदन (First Biennial Update Report – BUR) डिसेम्बर २०२५ मा पेश गरिएको । | | | पेरिस सम्झौता अन्तर्गतको नयाँ पप्रतिवेदन पेश । | उत्सर्जन |
| ३२ | यातयात क्षेत्रको कार्बान उत्सर्जन र यसको न्यूनीकरण सम्बन्धमा CBIT आयोजना अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसंग को सहकार्यमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी प्रतिवेदन तयार गरिएको । | | | यातायात क्षेत्रको MRV सिस्टम तयारीको लागी साझा बुझाइ कायम । | उत्सर्जन |
| ३३ | ढाँचा औपचारिक रूपमा सार्वजनिक गरेको। | | | राष्ट्रिय मापन, प्रतिवेदन तथा प्रमाणीकरण (MRV) गर्न को लागी आवश्यक पर्ने आधिक | उत्सर्जन |



उप-सचिव

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | | | | ारिक (Web Platform ) तयारीको लागी दात्सावेज तयार । | |

## ५. वन तथा जलाधार महाशाखा

महाशाखाले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय/सरकारी वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी कार्य गर्दछ । गत बैशाखदेखि असारसम्म तीन महिनामा विभिन्न आयोजनाको लागि प्रयोग गर्न जग्गा उपलब्ध गराइएको योजनाहरूको बिवरण निम्न रहेका छन् ।

| क्र.सं. | योजनाको नाम | स्थान | उपलब्ध गराईएको वनको क्षेत्रफल (हेक्टर) | | हटाईने रूखविरूवा संख्या | समयावधी (वर्ष) | मन्त्रिपरिषदको निर्णय मिति | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | जम्मा | | | | |
| १ | के.के. लाइम्स एण्ड इण्डस्ट्रिज प्रा.लि. | उदयपुर जिल्ला चौदण्डीगढी नगरपालिका वडा नं. ८ मा रहेको राष्ट्रिय वन | २०००० | | ४८ | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |
| २ | शक्ति मिनिरल्स प्रा.लि. | पाल्पा जिल्ला माथागढी गाउँपालिका वडा नं. ७ मा रहेको राष्ट्रिय वपन | २१.४१०० | | २४३३ | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |
| ३ | अन्नपूर्ण मिनिरल्स प्रा.लि. | मकवानपुर जिल्ला बागमती गाउँपालिका वडा नं. 6 मा रहेको राष्ट्रिय वन | ४.९६०० | | १३२८ | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |

उप-सचिव

| क्र.सं. | योजनाको नाम | स्थान | उपलब्ध गराईएको वनको क्षेत्रफल (हेक्टर) | | हटाईने रूखबिरूवा संख्या | समयावधी (वर्ष) | मन्त्रिपरिषदको निर्णय मिति | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | जम्मा | | | | |
| ४ | रिद्धिसिद्धि सिमेन्टस लिमिटेड | मकवानपुर जिल्ला भिमफेदी गाउँपालिका वडा नं. ७ मा रहेको राष्ट्रिय वन | २१.६३०० | | ४८३७ | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |
| ५ | बाबा माइन्स एण्ड मिनिरल्स प्रा.लि. | मकवानपुर जिल्ला भिमफेदी गाउँपालिका वडा नं. ५ मा रहेको राष्ट्रिय वन | ४.९९०० | | ४८६ | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |
| ६ | त्रिशक्ति होल्डिङ्स प्रा.लि. | चितवन जिल्ला राप्ती नरपालिका वडा नं. १३ मा रहेको राष्ट्रिय वन | २०.१४०० | | ११८९ | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |
| ७ | विग प्लस मिनिरल्स प्रा.लि. | मकवानपुर जिल्ला भिमफेदी गाउँपालिका वडा नं. ५ मा रहेको राष्ट्रिय वन | १.४८०० | | १२६७ | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |
| ८ | प्रधान खनिज उद्योग | रोल्पा जिल्ला रून्टिगढी गाउँपालिका वडा नं. ६ मा रहेको राष्ट्रिय वन | ०.०००० | | ० | | म.प.बै.सं. ३८/०८२ मिति २०८२/८/१५ | |
| | | | ७९.६१०० | | ११,५८८ | | | |

उप-सचिव

६. सहभागिता मूलक वन महाशाखा

महाशाखा अन्तर्गत गत गत तीन महिनाको अवधिमा भएका कार्यहरु देहाय बमोजिम छन्-

| क्र.सं. | कृयाकलापहरु | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| १. | विश्व जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गरौ, वन वातावरण र पर्यावरणयुक्त सामाग्री प्रयोग गरौ भन्ने विषयमा समझदारी । | २०८२/०८/०७ | • विश्व जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गरौ, वन वातावरण र पर्यावरणयुक्त सामाग्री प्रयोग गरौ भन्ने मागका साथ बाँस र अन्य स्थानीय उत्पादित सामाग्रीको प्रवर्द्धन र उपयोग लगायत अन्य विविध विषयका माग राखी आमरण अनशनरत दिक्तेल रुपाकोट मझुवागढीका नगरप्रमुख श्री तीर्थराज भट्टराई समेत नगरपालिकाको निर्णय अनुसार नगरपालिकाका तर्फबाट वार्ता संयोजक श्री दिनेश कुमार घिमिरे र नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय लगायतका पदाधिकारीहरुबीच भएको १६ बुँदे समझदारी पत्रका सम्बन्धमा प्रदेश वन मन्त्रालय, मन्त्रालयका महाशाखाहरु तथा मातहतका निकायसंग प्रगति माग गरिएको । | |
| २ | नेपाल व्यापार नीति तेस्रो समीक्षा। | २०८२/०८/०७ | • श्री उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट नेपाल व्यापार नीति तेस्रो समीक्षाका सम्बन्धमा मन्त्रालयसंग सम्बन्धित विषयका प्रश्नहरुको जवाफ तयार गरी उपलब्ध गराइएको । | |
| ३. | सगरमाथा वृक्षरोपण महाअभियान हरेक वर्ष आषाढ १४ देखि श्रावण १५: २०८२-२१०२ (तदनुसार २०२५-२०४५) । | २०८२/०८/१६ | • यस अभियान अन्तर्गत विभिन्न प्रजातिका जम्मा ३४४६०९ वृक्षरोपण भएको तथ्याङ्क प्राप्त भएको । | |
| ४. | नेपालमा समुदायमा आधारित वन व्यवस्थापन | २०८२/०८/२५ | • वनक्षेत्रको एकीकृत सूचना प्रणाली र अभिलेखीकरणका लागि कार्यदल गठन/समन्वय वैठक/परामर्श लगायतका अन्य तयारी गरिएको । | |



उप-सचिव

| | | | | |
|---|---|---|---|---|
| | पद्धतिहरुको अवस्था सम्बन्धी पुस्तिका तयारी | | | |
| ५. | व्यापार घाटा न्युनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ | २०८२/०९/१८ | • श्री उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट व्यापार घाटा न्युनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ उपर माग भएको राय तयार गरी उपलब्ध गराइएको । | |

## ९ सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुखको नाम र पद | सूचना अधिकारीको नाम र पद |
|---|---|
| डा. गोविन्द प्रसाद शर्मा<br>सचिव | बाबुराम घिमिरे<br>उप-सचिव |

## १० ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

मन्त्रालयको कार्य क्षेत्रसंग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिका निम्न बमोजिम छन्-

- सामुदायिक वनको मार्गदर्शन, २०८१
- प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रहरुको कार्यान्वयन कार्यविधि, २०८१
- वन्यजन्तु बासस्थान व्यवस्थापन कार्यविधि, २०८०
- व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०
- वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०
- वन ऐन, २०७६र वन नियमावली, २०७९
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१
- नेपाल वन सेवा (गठन, समूह, तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरु,२०५१
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६
- काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३
- समुदायिक वनउपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका ,२०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि,२०७४
- सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७१
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- सामुदायिक वनको निर्देशिका,२०५२
- खोटो संकलन (कार्यविधि) निर्देशिका, २०६४
- जिल्ला वन पैदावर आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३

**११ मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण**

आ. व. २०८२/२०८३ को लागि यस मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण

- नर्वेजियन सरकारको Energy for Development (EfD) Program को लागि प्राविधिक सहायता माध्यमबाट ५ वर्षको लागि ३.७५ मिलियन अमेरिकी डलर वैदेशिक सहायता प्राप्त गरेको।
- Global Environment Facility (GEF) अन्तर्गतको Restoration of Forests and Mountain Ecosystem (ReFAME) in Far West Nepal परियोजनाको लागि (४ वर्षको लागि) २३४६४८३ अमेरिकी डलर सहयोग प्राप्त भएको।
- Forest and Farm Facility (FFF) Phase II climate resilient landscape and Improved Livelihood परियोजनाको १ वर्ष म्याद थप सहित १,८२,००० अमेरिकी डलर सहयोग प्राप्त भएको।
- विश्व बैंकको Forest Carbon Partnership Facility (FCPF) को REDD+ Emission Reductions Payment Agreement (ERPA) अन्तर्गत तराई भू परिधिमा करिब १८.८ लाख टन उत्सर्जन न्यूनीकरण वापत पहिलो किस्ता वापत ९.४ मिलियन अमेरिकी डलर भुक्तानी प्राप्त भएको।

**१२. मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

यस मन्त्रालयका सूचनाहरु अद्यावधिक रुपमा मन्त्रालयको Website: www.mofe.gov.np मा अपलोड गर्ने र कतिपय सूचनाहरु सूचनापाटीमा पनि टाँस गर्ने गरिएको छ ।साथै माताहतका निकायहरुले पनि आफ्ना सूचनाहरु आ-आफ्ना website मा अद्यावधिक गर्ने गरेका छन् ।

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण



उप-सचिव

क. अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरेको कार्यक्रम वा आयोजना

आर्थिक वर्ष २०८१/८२ मा वन तथा वातावरण मन्त्रालयको लागि चालु तर्फ रु ८ अर्ब ६१ करोड ९९ लाख र पूँजीगततर्फ रु ३ अर्ब ४३ करोड ९७ लाख गरी कुल जम्मा विनियोजित वजेट रु १२ अर्ब ५ करोड ९६ लाख रहेको थियो । विनियोजित वजेटमा चालुतर्फ ८२.६६ प्रतिशत (रु ७ अर्ब १२ करोड ५४ लाख ६८ हजार) र पूँजीगततर्फ ७२.७२ प्रतिशत (रु. २ अर्ब ५० करोड १४ लाख १६ हजार) गरी कुल जम्मा वजेट ७९.८३ प्रतिशत (रु. ९ अर्ब ६२ करोड ६८ लाख ८६ हजार) खर्च भएको छ ।

ख. मन्त्रालयको वेभसाईट र इमेल

- www.mofe.gov.np
- Email: info@mofe.gov.np

ख १. मन्त्रालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

मन्त्रालयले संचालन गरेको कार्यक्रमको विवरण खण्ड ८ मा र एकमुष्ट प्रगति माथि खण्ड क मा उल्लिखित छ ।

ख २. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

- वर्गीकरण र संरक्षणको विशेष व्यवस्था हालसम्म नगरिएको तर प्रचलित ऐन नियमानुसार अन्य कार्य गर्ने गरिएको ।

ख ३. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय

१. रुख कटान र खेर गइरहेको काठजन्य वस्तुहरुको तथ्याङ्क
२. वातावरणीय प्रभाव मुल्याङ्कन/EIA का विषयहरु
३. डढेलो, अनधिकृत कब्जा, तस्करी लगायतको कारण वन विनासको तथ्याङ्क
४. कर्मचारीको विवरण, पदाधिकारी तथा कर्मचारीहरुको वैदेशिक भ्रमणको विषय
५. समसामयिक विषय र सामान्य जानकारी- जस्तो: मन्त्रालयको कामकाज, मन्त्री सचिवको समयमा पदस्थापन नभएको विषय, मन्त्रालयमा सुशासनको अवस्था लगायत अन्य सामान्य जानकारी
६. ऐन कानुन तथा कार्यविधि समयमा नआएको विषय
७. अभिलेख सम्बन्धि विषयहरु

ग. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- वेभसाइट, सूचनापाटी वा कतिपय सूचना सार्वजनिक पत्रपत्रिकामा प्रकाशन हुने गरेको ।

समाप्त

२०८२।११।१९
उप-सचिव